आज मिति २०७८ साल जेष्ठ १७ गतेका दिन चामे गाउँपालिका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७५ को परिच्छेद २ दफा ३ बमोजिम चामे गाउँपालिका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा गाउँपालिकास्तरीय विपद् न्यूनिकरण तथा व्यवस्थापन समितिको देहायका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपसिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१. अध्यक्ष चामे गाउँपालिका श्री लोकेन्द्र बहादुर घले

२. उपाध्यक्ष चामे गाउँपालिका श्री मुनिन्द्रजंग गुरुङ

३. प्रमुख प्रशासकीय अधिकृत श्री नर बहादुर चन्द

४. संयोजक सामाजिक विकास समिति श्री आशिष गुरुङ

५. संयोजक विधेयक समिति श्री भिमबहादुर गुरुङ

६. संयोजक आर्थिक समिति श्री राजु लामा

७. संयोजक वातावरण तथा विपद् व्यवस्थापन समिति श्री लोप्साङ लामा

८. संयोजक सार्वजनिक सेवा तथा क्षमता विकास समिति श्री कैले गुरुङ

९. संयोजक पूर्वाधार विकास समिति श्री विन घले

१०. प्रमुख वा प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय श्री

११. प्रमुख वा प्रतिनिधि रणदल गुल्म श्री विमल कुमार श्रेष्ठ

१२. प्रमुख मा प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय श्री सुवास [illegible]

१३. प्रमुख वा प्रतिनिधि, सशस्त्र प्रहरी बल श्री होमनाथ पन्थी

१४. प्रमुख वा प्रतिनिधि, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय श्री प्र.अ.नि. नारायण के.सी.

१५. प्रमुख वा प्रतिनिधि, प्रदेश प्रहरी कार्यालय श्री

१६. स्थानीय स्तरको राजनैतिक दलको प्रमुख वा प्रतिनिधि,- श्री वासुदेव थापा (ने.क.पा. एमाले)

१७. स्थानीय स्तरको राजनैतिक दलको प्रमुख वा प्रतिनिधि

१८. स्थानीय स्तरको राजनैतिक दलको प्रमुख वा प्रतिनिधि

१९. प्रमुख वा प्रतिनिधि, गैह सरकारी संस्था महासंघ श्री.

२०. प्रमुख वा प्रतिनिधि, नेपाल पत्रकार महासंघ श्री. नवीन गोतामे

२१. प्रमुख पूर्वाधार विकास शाखा श्री लक्ष्मण गौली

२२. प्रमुख सामाजिक विकास शाखा श्री लिल बहादुर गुरुङ

आमन्त्रित

१ प्रमुख जिल्ला अधिकारी श्री बिष्णु लामिछाने

२ श्री दिपन्द्र गोदार सू.प्र.अधिकृत

३ श्री इन्द्र जङ्ग गुरुङ शिक्षा शाखा संयोजक

४ श्री डिल बहादुर गुरुङ स्वास्थ्य संयोजक

५ खानेपानी, जलस्रोत तथा सिंचाई विकास सब डिभिजन प्रमुख

६) पूर्वाधार विकास कार्यालय, मनाङ श्री प्रताप दाहाल

७) नगनारायण मल्ल (सी.प्र. चामे गा.पा.)

८) उमा तामाङ (प्रशासन सहायक, चामे गा.पा.)

प्रस्तावहरु

१. नयाँवजार वस्ती संरक्षण सम्वन्धमा ।

२. चामे बजार खानेपानी मर्मत सम्वन्धमा ।

३. चामे तिमाङ सडक सूचारु गर्ने सम्वन्धमा

४. स्याल्क्यु खोला लघु जलविद्युत मर्मत सम्वन्धमा

५.स्याक्र्यु खोला काठेपुल निर्माण सम्वन्धमा

६. विविध सम्वन्धमा ।

निर्णयहरु

निर्णय न. १. प्रस्ताव नं.१ माथि छलफल गर्दा यहि मिति २०७८साल जेष्ठ महिना १२, १३ ,१४ ,१५गते सम्म परेको अविरल वर्षा पश्चात यस गाउँपालिका अन्तर्गतको नयाँबजार स्थित घट्टे खोलामा आएको वाढी पहिरोले गर्दा सो वस्ती क्षेत्रको घरहरु जोखिम अवस्थामा रहेकोले सो वस्ती संरक्षणको

Scanned with CamScanner

लागी तत्काल तटबन्ध गर्ने कार्य अगाडी वडाउन चामे गाउँपालिका कार्यपालिका तथा सम्वन्धित अन्य निकायमा अनुरोध गर्ने निर्णय गरीयो ।

२. प्रस्ताव नं.२ माथि छलफल गर्दा यहि मिति २०७८साल जेष्ठ महिना १२, १३ ,१४ ,१५गते सम्म परेको अविरल वर्षा पश्चात आएको बाढी पहिरोले गर्दा चामे वजार क्षेत्रको खानेपानी तथा ढल नकास पाइपलाइनमा पनि पुर्ण क्षति पुराएको हुँदा तत्कालको लागी यस गाउँपालिकाको भण्डारणमा मौज्दात रहेको पाईपहरु प्रयोग गरी चामे वजार वासी जनतालाई खानेपानी सुविधा उपलव्ध गराउने निर्णय गरीयो ।

३.प्रस्ताव नं. ३ माथी छलफल गर्दा बाडी पहिरोको कारण चामे तिमाङ सडक खण्ड अवरुद्व भएको कारणले गर्दा तत्काल सडक सुचारु गर्नको लागि चामे गाउँपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

४. चामे गाउँपालकाको वडा नं. १ स्थित स्याल्क्यु खोला लघु जलविद्युतको मुहान ,कुलो लगायत पोखरी मा क्षति पुय्याई विधुत सेवा अवरुद्व भएको साथै पावरहाउस जोखिम अवस्थामा रहेकोले तत्काल मर्मत संभार गरी विधुत सेवा सुचारु गर्न चामे गाउँपालिका कार्यपालिका तथा सम्वन्धित निकायमा समेत अनुरोध गर्ने निर्णय गरियो ।

५. यहि मिति २०७८ साल जेष्ठ महिना १२, १३ ,१४ ,१५गते सम्म परेको अविरल वर्षा पश्चात आएको बाढीले चामे गाउँपालकाको वडा नं. १ स्थित स्याक्र्यु खोला काठेपुल पनि बगाएको हुदाँ मानिसहरु आवतजावत गर्न कठिन भएकोले तत्काल काठपुल निर्माण गर्न चामे गाउँकार्यपालिकालाइ अनुरोध गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथी छलफल गर्दा वर्षाको समय अझै बाँकी रहेकोले बाढी पहिरो जस्तो विपद् आउन सक्ने भएको हुँदा सर्वसारणको जीउज्यान सार्वजनिक,निजी तथा व्यात्तिगत सम्पत्ति प्राकृतिक एवं सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागी पुर्वतयारी अपनाउन गाउँपालिका विपद् जोखिम तथा न्यूनीकरण व्यवस्थापन समितिलाइ समेत तयारी हालतमा रहने र सवैले आ-आफ्नो सक्रिय भूमिका निर्वाह गर्ने निर्णय गरीयो ।

Scanned with CamScanner